
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ११४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० बैशाख २५ गते सोमबार ❑ 8 May 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## कस्तो आउँदैछ आगामी बजेट ?

**रासस**
काठमाडौं, २४ बैशाख

सरकारले मुलुकको आर्थिक विकासका लागि रोजगारी सिर्जना र सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउने गरी आगामी आर्थिक वर्षको बजेट ल्याउने भएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा अर्थमन्त्री डा प्रकाशशरण महतले 'आव २०८०/०८१ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्तावबाहेक) माथि छलफल गरियोस्' भनी प्रस्ताव प्रस्तुत गर्दै अर्थतन्त्रलाई गतिशील बनाई दिगो फराकिलो एवं समावेशी आर्थिक वृद्धि र समावेशी आर्थिक विकासलाई ध्यान दिएर बजेट ल्याइने बताउनुभयो । उहाँले विभिन्न चुनौतीका बाबजुद पनि विदेशी विनिमय सञ्चिति, विप्रेषण प्रवाह र पर्यटक आगमन सकारात्मक हुँदै गएकाले अर्थतन्त्रमा सकारात्मक सङ्केत देखिएको बताउनुभयो । अर्थमन्त्री महतले अर्थतन्त्रलाई लयमा फर्काउन, परिणामुखी पूँजीगत खर्च गरी साधारण खर्चमा मितव्ययिता अपनाइनाका साथै अर्थतन्त्रलाई सक्रिय बनाउन बजेट केन्द्रित हुने बताउनुभयो।

आर्थिक वृद्धि न्यून हुने देखिएको, लक्ष्यअनुरूप राजस्व उठ्न नसकेको तथा सार्वजनिक खर्च बढ्नाका साथै पूँजीगत खर्चको प्रभावकारिता नदेखिएकाले सरकारको वित्तीय सन्तुलनमा चाप देखिएको उहाँले बताउनुभयो । "व्यापार घाटा, बैंकिङ क्षेत्रको खराब कर्जाजस्ता अर्थतन्त्रका चुनौतीहरू देखापरेका छन् । आगामी बजेट, निजी क्षेत्रलाई प्रोत्साहन, सार्वजनिक खर्चको पारदर्शिता, दिगो विकासको लक्ष्य प्राप्ति आदि विषयलाई प्राथमिकता दिनेछ", अर्थमन्त्री डा महतले भन्नुभयो।

उहाँका अनुसार आगामी बजेटमार्फत निर्यात प्रवर्द्धन, आयात कम र उत्पादन वृद्धि गर्दै डिजिटल इकोनोमीलाई प्रवर्द्धन गरिनेछ। सामाजिक क्षेत्रको विकास र सामाजिक न्यायलाई प्राथमिकता दिई, गुणस्तरीय शिक्षा, स्वास्थ्य र खानेपानीको सुनिश्चितता गरिनेछ । यस्तै, सामाजिक सुरक्षालाई थप प्रभावकारिता बनाई स्रोतको सुनिश्चितता गरिनाका साथै सबै प्रकारका विभेद अन्त्य गरी विकासमा जनतालाई सहभागी गराई मूल प्रवाहका सबै जनताको पहुँच अभिवृद्धि गर्न बजेट केन्द्रित हुनेछ। दिगो विकास लक्ष्य हासिल गर्न र जलवायु परिवर्तनको असर न्यूनीकरणका लागि लक्षित हुने बजेटले प्राकृतिक र पर्यावरणमैत्री हरित अर्थतन्त्र निर्माणतर्फ पनि जोड दिने उहाँले बताउनुभयो।

अर्थमन्त्री महतले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै सङ्घ, प्रदेश र स्थानीय तहमा वित्त हस्तान्तरण गरिनाका साथै तीन तहका सरकारको समन्वय र सहकार्य गरी प्रभावकारी बनाउन बजेटमा सम्बोधन गरिनेछ। बजेटले लगानीमैत्री वातावरण बनाई रोजगारी सिर्जना गर्न र निजी क्षेत्रलाई प्रोत्साहन गरिने उल्लेख गर्दै उहाँले अनौपचारिक आर्थिक क्रियाकलापलाई औपचारिक लगानीको वातावरण सिर्जना गरिने विश्वास व्यक्त गर्नुभयो । तीन तहका सरकारको कामकारबाहीलाई स्वस्थ्य, मितव्ययी र प्रभावकारी बनाई भ्रष्टाचारमा शून्य सहनशीलता अपनाइनाका साथै सुशासन कायम गरी दण्डसजायको व्यवस्था गरिनेछ।आगामी बजेटमा किसानलाई प्रोत्साहन गर्न कृषि उत्पादन, कृषिको यान्त्रिकीकरण, मल, बीउबिजन, कृषि अनुदान प्रणालीमा सुधार गरिने उहाँले जानकारी दिनुभयो। रैथाने बाली र प्राङ्गारिक तथा प्राकृतिक बालीलाई प्रोत्साहन गरिनेछ । हवाई यातायातलाई सुरक्षित, भरपर्दो र प्रभावकारी बनाइनेछ । सहरी विकासलाई व्यवस्थिगत ढङ्गले अघि बढाइनेछ। जलविद्युत् विकासमा जोड, स्वच्छ ऊर्जा, ग्रामीण विद्युतीकरण, विद्युतीय सवारी साधनको प्रयोगमा प्रोत्साहन, मुलुकको आर्थिक रूपान्तरणमा भूमिका खेल्नेगरी बजेटमा प्राथमिकता दिइनेछ । सरकारी सञ्चारमाध्यमको व्यावसायिकीरण गर्दै हुलाक सेवालाई प्रभावकारी बनाइने छ। पर्यटनलाई आयआर्जन र रोजगारीसँग जोडेर प्रवर्द्धनात्मक गतिविधि सञ्चालन गरिनेछ । कोरोना महामारीपछिको पर्यटनलाई थप गति दिन प्रोत्साहन कार्यक्रम, पर्यटकलाई आकर्षण, महत्त्वपूर्ण धार्मिक सम्पदाको प्रवर्द्धन तथा पर्यटन पूर्वाधारमा लगानीजस्ता कार्यक्रमलाई बजेटले समेट्ने अर्थमन्त्री महतले जानकारी दिनुभयो।

## 'टुकुचा खोला नै हो तर खोलामाथिको सम्पत्ति व्यक्तिगत हो'

**रासस**
काठमाडौं, २४ बैशाख

उच्च अदालत पाटनले काठमाडौँको कमलादी र हात्तीसार क्षेत्रमा भूमिगत गरिएको टुकुचा खोला नै भए पनि खोलामाथिको सम्पत्ति व्यक्तिगत सम्पत्ति ठहर गरेको छ।

न्यायाधीशहरू महेश शर्मा पौड्याल र राज्यलक्ष्मी बज्राचार्यको संयुक्त इजलासले गत माघ १८ गते सुनाएको फैसलाको आज सार्वजनिक गरिएको पूर्णपाठमा टुकुचा खोला भएको भए पनि खोलामाथि रहेको घर जग्गा भने व्यक्तिगत सम्पत्ति भएको हुँदा राज्यले हस्तक्षेप गर्न नपाउने उल्लेख छ। फैसलामा भनिएको छ, "टुकुचा (इच्छुमती) खोला र बागमतीको सहायक नदी रहेको र यति लामो बहाव रहेको अवस्थामा यस खोलालाई खोल्सा वा ढल हो भनी विद्वान कानून व्यवसायीहरूले लिएको जिकिर मनासिव देखिँदैन।"

जग्गाधनी दर्ता प्रमाण पुर्जाबाट निवेदनमा उल्लिखित जग्गा निवेदकको हकको भन्ने देखिएको र सो स्रेस्ता बदर नभई यथावत कायम रहेको अवस्थामा निवेदकको सहमति वा क्षतिपूर्ति नदिई सो जग्गामा रहेको संरचनामा असर पर्ने गरी कुनै कार्य नगर्न/नगराउन फैसलामा भनिएको छ । काठमाडौँ महानगरपालिकालेगतभदौ३०मा टुकुचाखोलाउत्खननगर्नथालेपछि काठमाडौँ महानगरपालिका-१ का विश्वप्रकाश साखले निजी सम्पत्तिमा हस्तक्षेप भएको उल्लेख गर्दै रोक्न आदेश माग गर्दै उच्च अदालतमा रिट निवेदन दर्ता गर्नुभएको थियो।

खोलामा भूमिगत संरचना निर्माण गरिएपछि खोलामाथिको जमिन व्यक्तिका नाउँमा दर्ता भएको देखिएको उच्च अदालतले टुकुचा खोलालाई खुलारूपमा प्राकृतिक स्वरूपमा ल्याउन आवश्यक छ वा छैन र ल्याउन आवश्यक भएमा त्यहाँ बनेका पुरातात्विक महत्त्वको गुम्बजको संरक्षण कसरी गर्न सकिन्छ भन्ने विषयमा विज्ञसहितको छलफल आवश्यक भएको फैसलामा उल्लेख छ।

## कक्षा १२ को वार्षिक परीक्षाको तयारी अन्तिम चरणमा

**रासस**
काठमाडौं, २४ बैशाख

राष्ट्रिय परीक्षा बोर्डले यस वर्षको कक्षा १२ को वार्षिक परीक्षाको तयारी अन्तिम चरणमा पुगेको जनाएको छ। यही वैशाख २६ गतेदेखि सञ्चालन हुन लागेको उक्त परीक्षाका लागि कूल चार लाख ६७ हजार तीन सय ८९ विद्यार्थीले फाराम भरेकोबोर्डले जनाएको छ।

यस वर्षको कक्षा १२ को वार्षिक परीक्षाको परीक्षा केन्द्र तोक्ने काम पूरा भएको बोर्डका अध्यक्ष डा महाश्रम शर्माले जानकारी दिनुभयो । उहाँका अनुसार केन्द्राध्यक्ष, निरीक्षक, नियुक्त गर्नेलगायतका काम पनि अन्तिम चरणमा पुगिसकेको छ । प्राविधिक काम बाहेकका अन्य काम पूरा भइसकेको बोर्डले जनाएको छ । यस वर्ष ५६ हजारभन्दा बढी विद्यार्थीले ग्रेड वृद्धि परीक्षा दिन लागेका बताइएको छ । उनीहरूले जति विषयमा कम नम्बर आएको थियो त्यत्तिकै विषयको मात्र ग्रेड वृद्धि परीक्षा दिनुपर्नेछ। यसअघि तीन वा सोभन्दा बढी विषयमा नन ग्रेडेड (एनजी) ल्याएका विद्यार्थीले यो वर्ष पूरै विषयको परीक्षा दिनुपर्ने भन्ने थियो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लेटर ग्रेडिङ निर्देशिका, २०७८ संशोधन गरेको थियो। त्योसँगै परीक्षाका लागि छ वटै विषयको फाराम भरे पनि जति विषयमा एनजी आएको छ, त्यतिकै विषयको मात्र परीक्षा दिनुपर्ने भएको हो । राष्ट्रिय परीक्षा बोर्डको प्रस्तावमा मन्त्रिस्तरीयबाट लेटर ग्रेडिङ निर्देशिका, २०७८ लाई संशोधन गर्ने निर्णय भएको थियो।

दुई विषयभन्दा बढी जतिसुकै विषयमा एनजी प्राप्त भएको छ ती विषयको मात्र ग्रेड वृद्धिको परीक्षा दिनुपर्नेछ । यसअघि छ वटै विषयमा फाराम भरे पनि जति विषयमा एनजी आएको छ, त्यत्तिकै परीक्षा दिनुपर्ने अध्यक्ष डा शर्माले बताउनुभयो । परीक्षा फाराम भर्दा छ वटै विषय भरे पनि जुन विषयमा एनजी आएको छ ती विषयको मात्र परीक्षा दिनुपर्नेछ। यसअघि गत वर्षदेखि लागू भएको लेटर ग्रेडिङ सिस्टमअनुसार दुईभन्दा बढी विषयमा एनजी ल्याएका विद्यार्थीले पूरै विषयको परीक्षा दिनुपर्ने भन्ने थियो। तर, गत वर्ष लिइएको ग्रेड वृद्धि परीक्षामा सफल हुन नसकेपछि ५६ हजार विद्यार्थीले यो वर्ष हुने परीक्षामा सबै विषयको परीक्षा दिनुपर्ने भएको थियो । यस्तो हुँदा 'ड्रप आउट' हुने सम्भावना बढेपछि बोर्डको प्रस्तावमा शिक्षामन्त्री अशोककुमार राईले निर्देशिका संशोधन गर्नुभएको हो।

## असिनापानीले मकैबाली र लहरे तरकारीमा क्षति

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख

शनिबार साँझ परेको असिनापानीका कारण मकैबाली र लहरे तरकारीमा क्षति पुगेको छ।

साँझको समयमा हावाहुरीसहित आएको असिनापानीले पोखरा महानगरपालिका वडा नं २३, २४, ३२, ३३ लगायत वडाका मकैबाली तथा लहरे तरकारीलाई क्षति पुऱ्याएको महानगरपालिकाका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले जानकारी दिनुभयो । केही स्थानमा क्षति पुऱ्याएको जानकारी आए पनि त्यसको यकिन विवरण भने प्राप्त नभएको उहाँले बताउनुभयो।

वडा नं ३२स्थित तल्लो गगनगौडाको बेलबुटे र आसपासका क्षेत्रमा मकैबालीका साथै फल्ने बेलाको लहरे तरकारीमा क्षति पुगेको स्थानीयवासीले बताए । हावाहुरीसहितको असिना पानीले मकैका पात छियाछिया बनाएको छ भने फल्ने तयारीमा रहेका लहरेबालीमा समेत क्षति पुऱ्याएको छ।

## 'हिमालयन एक्सट्रिम ट्रायथलन'को उपाधि पिटर र तारा मिराण्डालाई

**पोखरापत्र संवाददाता**
कास्की, २४ बैशाख

विश्वकै कठिनमध्येमा मानिने 'हिमालयन एक्स्ट्राई वर्ल्ड टुरएक्सट्रिम ट्रायथलन'को उपाधि पुरुषतर्फ चेक रिपब्लिकका पिटर भाब्रोसेक र महिलातर्फ अमेरिकाका तारा मिरण्डा पार्सोन्सले जित्नुभएको छ।



शनिबार बिहान ४ बजे पोखराको फेवातालमा पौडीबाट सुरु भएको सो प्रतियोगिता आज बिहान कास्कीको माछापुच्छ्रे गाउँपालिका-८ ल्वाङमा आएर समापन भएको हो । त्यसक्रममा सहभागी खेलाडी समुद्र सतहबाट चार हजार तीन सय मिटर उचाइको मर्दी हिमालको 'भ्यु प्वाइन्ट'सम्म पुगेका थिए। पुरुषतर्फ च्याम्पियन बन्नुभएका पिटरले फेवातालमा तीन किमी आठ सय मिटर पौडी त्यसपछि एक सय ५० किमी साइक्लिङ र ४३ किमी दौड १६ घण्टा ५१ मिनेट १९ सेकेण्डमा पूरा गर्नुभएको हो। यसैगरी इटालीका जिओभानी बोर्टालासोले निर्धारित दूरी १७ घण्टा ५८ मिनेट आठ सेकेण्डमा पार गरी द्धितीय र रसियाका इलिया बब्लिकले निर्धारित दूरी पूरा गर्न १८ घण्टा ३४ मिनेट १२ सेकेण्ड समय लगाउँदै तृतीय हुनुभयो । महिलातर्फ उपाधि बिजेता मिरण्डाले निर्धारित दूरी पार गर्न १८ घण्टा २० मिनेट ५४ सेकेण्ड समय लगाउनुएको थियो । महिलातर्फ फ्रान्सका बेनेडिक पेरोनले १९ घण्टा ४९ मिनेट १९ सेकेण्डममा तोकिएको दूरी पार गर्दै द्धितीय स्थान हासिल गर्नुभयो। चेक रिपब्लिकका भेरो निकाले २४ घण्टा २८ मिनेट २५ सेकेण्ड समय लगाउनुभयो।

प्रतियोगितामा २२ देशका ३६ खेलाडीले प्रतिस्पर्धा गरेको आयोजक हिमालयन एक्सट्राई नेपालका रेस डाइरेक्टर रिक्की योञ्जनले जानकारी दिनुभयो । प्रतियोगीले फेवातालमा पौडीको प्रतिस्पर्धा सम्पन्न गरेपछि एक सय ७५ किमी साइकल दौड सुरु गरेका थिए । पोखराको लेकसाइडबाट सुरु भएको साइकल दौड सराङकोट, लुम्ले, नयाँ पुल, कुश्मा हुँदै बागलुङ पुगेर त्यहाँबाट पुनः फर्किएर कुश्मा, नयाँ पुल हुँदै कास्कीको अन्नपूर्ण गाउँपालिकाको काँडेमा आएर साइक्लिङ सम्पन्न भएको थियो।

त्यसपछि ४३ किमी लामो दौड सुरु भएको थियो।

काँडेबाट सुरु भएको दौड अस्ट्रेलियन क्याम्प, देउराली, हाइ–क्याम्प, लोक्याम्प, मर्दी हिमाल भ्यू पोइन्ट (चार हजार तीन सय मिटर) छोएर सोही बाटो हुँदै फर्किएर माछापुच्छ्रे गाउँपालिकाको ल्वाङमा समापन भएको योञ्जनले बताउनुभयो । प्रतियोगितामा बेलायत, अमेरिका, अस्ट्रेलिया, नेदरल्याण्ड, ग्रिस, रसिया, चेक रिपब्लिक, इस्टोनिया, बङ्गलादेश, भारतलगायत मुलुकबाट पाँच महिला र ३१ पुरुष खेलाडी सहभागी थिए। ल्वाङमा आयोजित समापन कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टङ्कलाल घिसिङले साहसिक प्रतियोगिताले नेपाललाई विश्वभर चिनाएको बताउनुभयो । पर्यटन प्रवर्द्धनसँगै यस्तो खालको प्रतियोगितालाई संसारले चासोपूर्वक हेरिरहेको उहाँको भनाइ छ । सदस्यसचिव घिसिङले भन्नुभयो," विश्वका उत्कृष्ट खेलाडी नेपालमा आएर प्रतियोगितामा सहभागी भएकाले विश्वभर यहाँका बारेमा राम्रो सन्देश दिएको छ ।" नेपाल ट्रायथलन सङ्घका केन्द्रीय अध्यक्ष तथा नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठले नेपालका लागि प्रतियोगिता अत्यन्त महत्वपूर्ण रहेको बताउनुभयो । "यो फरक प्रकारको खेलकुद प्रतियोगिता हो, यसमा खेलाडीको अदम्य साहस आवश्यक हुन्छ, हाम्रो जस्तो मुलुक विशेष गरी पोखरा सहर यो खेलका लागि सर्वश्रेष्ठ ठाउँसमेत हो, यसबाट नेपालको पर्यटन प्रर्वद्धनसँगै आर्थिक उन्नतिको मार्गचित्र कोर्न सफल भएको छ", श्रेष्ठले भन्नुभयो।






सामाजिक सुरक्षाको भक्ता लिन जेष्ठ नागरिक लाइनमाः कास्कीको नयाँपुल स्थित मुक्तिनाथ विकास बैंकमा सामाजिक सुरक्षाको भक्ता लिन लाइनमा बसेका जेष्ठ नागरिकहरु । तष्विरः पोखरापत्र

# पोखरामा नाटकको अन्तर्राष्ट्रिय समिनार हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख

नेपाल नाट्यप्रतिष्ठान पोखराको आयोजनामा नेपाली नाटकबारे प्रथम अन्तर्राष्ट्रिय सेमिनार हुने भएको छ।

नाट्यप्रतिष्ठानले आइतवार पत्रकार सम्मेलन गर्दै सेमिनारको तयारी अन्तिम चरणमा पुगेको जानकारी दिएको हो।

यहि वैशाख २८ गतेदेखि ३ दिनसम्म पोखरामा चल्ने उक्त सेमिनारमा नेपालका विभिन्न स्थान लगायत भारतबाट समेत विषयविज्ञ सहभागि हुने कार्यक्रम रहेको प्रतिष्ठानका अध्यक्ष प्रा.डा रामचन्द्र पोखरेलले बताए। सो सेमिनारमा नेपालबाट प्रतिष्ठानका अध्यक्ष प्रा.डा पोखरेल लगायत प्रा.डा सावित्री मल्ल कक्षपती, डा. अशोक थापा, डा. कान्छी महर्जन, डा. नारायणदत्त पन्थ,



पुरु लम्साल, तारा पोखरेल र गीता सापकोटाले कार्यपत्र प्रस्तुत गर्नेछन् । त्यस्तै भारतबाट डा. सुकराज दियाली (सिलगढी), डा.वीरबहादुर विश्वकर्मा(सिलगढी), पूर्णकुमार शर्मा(असाम), तेजमान् बराइली(सिक्किम), नवीन पौड्याल(कालेबुङ, दार्जिलिङ), योगेश खाँती (दार्जिलिङ), युवराज काफ्ले(सिलगढी), सरदकुमार क्षेत्री (कालेबुङ), धर्मराज थापा (दिल्ली) र संजीव गुरुङ (कलकत्ता)ले कार्यपत्र प्रस्तुत गर्ने कार्यतालिका रहेको प्रतिष्ठानले जनाएको छ। सेमिनार मार्फत नेपाली नाटक तथा भारतीय नेपाली नाटक र रङगमञ्चको खोज अनुसन्धान, बहस तथा छलफल गरी निस्केको निष्कर्षलाई एकीकृत रुपमा प्रकाशन गर्ने उद्देश्य राखिएको छ ।सम्भव भएसम्म नेपाली नाटकलाई अंग्रेजी भाषामा अनुवाद गरी प्रकाशन गर्ने लक्ष्य पनि छ। सेमिनारको मुख्य सहयोगीका रुपमा पोखरा प्रज्ञा प्रतिष्ठान, प्रवर्द्धकमा गण्डकी प्रज्ञा प्रतिष्ठान तथा प्रायोजकमा पोखरा मा.वि वगर, जुनियर सिटिजन एकेडेमी, ग्लोवल कलेजिएट रानीपौवा, प्रगति मा.वि बाटुलेचौर, गुप्तेश्वर गुफा व्यवस्थापन समिति छोरेपाटन लगायतका संस्था छन् ।

नेपाली कला, कौशल, सङगीत, नाटक, रङगमञ्च तथा समग्र संस्कृति एवम् नेपाली साहित्यको श्रीबृद्धि गर्ने उद्देश्यले २०७८ सालमा स्थापित प्रतिष्ठानले सेमिनार गर्न लागेको हो। नाट्य प्रतिष्ठानका अध्यक्ष प्रा.डा पोखरेललेको अध्यक्षतामा भएको उक्त कार्यक्रम सचिव राजेशकुमार घिमिरेले संचालन गरे ।सेमिनारलाई निकै अर्थपूर्ण एवम् साहित्यकारको जमघटका रुपमा समेत हेरिएको छ।

# मुद्रण उद्योग संघ कास्कीका अध्यक्ष श्रेष्ठको निधन

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख

मुद्रण उद्योग संघ कास्कीका अध्यक्ष गिर बहादुर (किरण) श्रेष्ठको निधन भएको छ।

रोजिना अफसेट प्रेसका सञ्चालक रहेका श्रेष्ठको आइतबार बिहान हृदयाघातका कारण निधन भएको हो । बेहोस अवस्थामा



अस्पताल पुऱ्याईएको उहाँलाई चिकित्सकले चेकजाँचका क्रममा मृत घोषणा गरेका थिए।

गोरखा जिल्लाको बुंकोट स्थाई घर भइ पोखरा नयाँबजार बस्दै आउनुभएका श्रेष्ठले मुद्रण व्यवसायसँगै मुद्रण उद्योग संघ, गोरखा मिलन समाज, लायन्स क्लब लगायतका संघ संस्थामा रहेर सामाजिक कार्य गर्दै आउनु भएको थियो।

# एरोक्स १५५ अल्टिमेट स्कुटर पोखरामा

**पोखरापत्र संवाददाता**
कास्की, २४ बैशाख

यामाहा मोटरसाइकल र स्कुटरको आधिकारिक बिक्रेता भि.ए.डब्लु इन्टरप्राइजेज प्रा.लि. नयाँबजार-९, पोखरा ले बहुप्रतिक्षित यामाहा एरोक्स १५५ अल्टिमेट स्कुटर बाइकिङ बिक्री वितरण सुरुवात गरेको छ।

पोखरा रंगशालामा विक्री प्रारम्भको अवसरमा नेपाल पत्रकार महासंघ, कास्की शाखाको अध्यक्ष बिमला भण्डारीले आइतबार नयाँ स्कुटर यामाहा एरोक्स १५५ सार्वजनिक गरि बिक्री वितरणको शुभारम्भ गर्नु भएको थियो। साथै एमएडब्लु इन्टरप्राइजेजका रिजनल म्यानेजर राम बोगटीले भन्नुभयो, "एरोक्स १५५ नेपालको स्कुटर बजारमा नयाँ मोडल हो । यसले नयाँ र अनुभवी राइडरहरु दुवैका लागि परफर्मेन्स, स्टाइल, राइडिङ एक्सपेरियनस लागि नयाँ स्ट्यान्डर्ड स्थापित गरेको छ।

विशिष्ट र स्लीक एरोडायनामिक स्पोर्टी डिजाइनको साथ एरोक्स १५५ मा गति र शक्तिको सम्मिश्रण रहेको छ। प्रदर्शन, शैली र सवारी अनुभवका लागि यसले नयाँ



मानक सिर्जना गर्नेछ।

यामाहा एरोक्स १५५ मा लिक्विड कूल्ड इन्जिन रहेको छ, जसले यसलाई १२० किमी प्रतिघन्टाको उच्च गति भएको नेपालको सबैभन्दा छिटो स्कुटर बनाउँछ। यसको १५५ सीसीको इन्जिनले १५ पिसि पावर दिन्छ, जसले राइडरहरूलाई गति र शक्तिको उचित सन्तुलन अनुभूति प्रदान गर्दछ।

एरोक्स १५५ को ५.८ इन्च एलसीडी इन्स्ट्रमेन्ट स्क्रिनले स्पीडोमिटर, चए;, र खब्ब सूचकहरू प्रदर्शन गर्दछ जसले सवारहरूलाई सडकमा हुँदा महत्त्वपूर्ण जानकारी ट्र्याक गर्न सजिलो बनाउँछ। स्पोर्टी डिजाइनको बावजुद यामाहा एरोक्स १५५ एकदमै फराकिलो छ र सिटमुनि २४.५ लिटरको स्टोरेज पनि उपलब्ध छ। यसले धेरै उन्नत प्रविधिहरू पनि प्रदान गर्दछ । एरोक्स १५५ को गुणस्तरीय सामग्रीहरूले स्थायित्व र निर्भरता सुनिश्चित गर्दछ, जसले भरपर्दो र दीर्घकालीन स्वामित्व प्रदान गर्दछ। यामाहा एरोक्स १५५ तीन फरक रंगहरूमा उपलब्ध छः रेसिङ ब्लू, ग्रे वर्मिलियन, र मेटालिक ब्ल्याकको मुल्य चार लाख चौहत्तर हजार नौ सय रहेको छ। यसलाई ग्राहक महानुभावहरुले यामाहाको आधिकारिक शोरूम भि.ए.डब्लु इन्टरप्राइजेज प्रा.लि. नयाँबजार-९, पोखराबाट किन्न र बुक गर्न सक्नुहुनेछ।

# जेसिए फ्रेन्डसिप क्याम्प सम्पन्न

**ललित अधिकारी/ तुलसी धमला**
पोखरा, २४ बैशाख

नेपाल स्काउट पोखरा महानगर र जेसिए विद्यालयको आयोजनामा जेसिए फ्रेन्डसिप क्याम्प सम्पन्न भएको छ।

पोखरामहागरका ४ विद्यालयहरु अमरसिद्ध नमुना मावि, सैनिक आवासीय महाविद्यालय, कालिका मावि र जुनियर सिटिजन एकेडेमीका १२० विद्यार्थी सहभागितामा यहि बैशाख २२ र २३ गते पोखरा-२६ जेसिए विद्यालयमा फ्रेन्डसिप क्याम्प सप्पन्न भएको हो। फ्रेन्डसीप क्याम्पमा स्काउट विद्यार्थीहरुले स्काउट डोरिबाट विभिन्न गाठो निर्माण, ग्याजेट निर्माण, टेण्ट डेकोरेशन, फुट्सल प्रतियोगिता, डोरि ताने प्रतियोगिता, क्याम्प फाएर,



हाइकिङ, लगाएत विभिन्न रमाइलो प्रतियोगिता संचालन भएको थियो । कार्यक्रमको अध्यक्षता जेसिएका प्रधानाध्यापक सुन्दर ढकाल सरले गर्नुभएको थियो भने कार्यक्रमको उद्घाटन बैशाख २२ गते कास्की जिल्ला क्षेत्र न १ का सांसद माननीय मन बहादुरले गर्नुभएको थियो भने समापन कार्यक्रम बैशाख २३ गते नेपाल स्काउट गण्डकी प्रदेश संयोजक आशीर्वाद सुवेदीले गर्नु भएको थियो । कार्यक्रममा ४ ओटै विद्यालयका स्काउट मास्टहरुको सक्रिय सहभागिता रहेको थियो । समापन कार्यक्रममा फुट्सल प्रतियोगिता, डोरि तान्ने प्रतियोगिता, टेन्ट डेकोरेसन मा प्रथम हुने छात्र एवं छात्राहरुलाइ पुरस्कार बितरण गरिएको थियो । कार्यक्रममा नेपाल स्काउट पोखरा महानगरले यस्ता स्काउटिङका कार्यक्रमले विद्यार्थीहरुले ब्यवहारिक ज्ञान हासिल गर्ने हुदा आगामी दिनमा स्काउट यस्ता विद्यार्थी केन्द्रीत धेरै कार्यक्रम आयोजना गर्ने भनेर नेपाल स्काउट पोखरा महानगर सम्योजक सुबिन तिमिल्सेना ले जानकारी गराउनु भएको थियो । कार्यक्रममा अमरसिद्द नमुना माबिका प्रधानाध्यापक बिष्णु प्रसाद पौडेल,जेसिए विद्यालयका निर्देशक मुकुन्द ओस्ति, स्काउट गण्डकी प्रदेसका अधिकृत बिजय पौडेल, प्रदेश सदस्य साजन सुवेदी, महानगर सदस्यहरु अरुण सर्मा, मना गुरुङ , लेकमाया पुन, स्काउट मास्टर सूर्य भट्टराई, शर्मिला पनेरू , शर्मिला धमाला, नवीन सुनार, ध्रुव थापा हरुको उपास्तिथी रहेको थियो।

# महेन्द्र मावि घार्मीमा अक्षयकोष अभियान चलाईने

**ललित अधिकारी/ तुलसी धमला**
पोखरा, २४ बैशाख

पोखरा महानगरपालिका वडा नं १९ घार्मीमा रहेको महेन्द्र माविमा अक्षयकोष अभियान चलाईने भएको छ।

विद्यालयको भौतिक पूर्वाधार निर्माण तथा शैक्षिक गुणस्तर सुधारका लागि सबै पक्षसँग समन्वय गर्ने उद्देश्यले अक्षयकोष स्थापना गर्न अभियान नै सञ्चालन गर्न लागिएको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बैकुण्ठ पौडेलले जानकारी दिनुभयो । अक्षयकोष स्थापना गर्न स्थानीय अभिभावक, भुपु विद्यार्थी तथा शिक्षासेवी सबै पक्षसँग कुराकानी भएको र सवैले चाहाना व्यक्त गरेको समेत पौडेलले बताउनुभयो । एमाजी कल्चरल फाउन्डेसन जापानको सहयोग र शिक्षासेवी तोयानाथ पौडेलको सकृयतामा २०४७ सालमा स्थापना भएको साविक लामाचौर गा वि सको एउटा मात्रै माध्यमिक विद्यालय महेन्द्र माविले यही वैशाख २६ गते स्थापनाको ३३ औं वार्षिकोत्सब मनाउदै छ । कार्यक्रमलाई व्यवस्थित बनाउन तयारी तीव्र बनाइएको विद्यालयका प्रधानाध्यापक वासुदेव पौडेलले बताउनुभयो। कार्यक्रममा पुरस्कार वितरण, अक्षयकोष दाताको सम्मान तथा विविध साँस्कृतिक कार्यक्रम हुने बताइएको छ। सोही दिन विभिन्न व्यक्तिले अक्षयकोष स्थापनाको घोषणा गर्ने अध्यक्ष पौडेलले बताउनुभयो।

विद्यार्थी भर्ना अभियानलाई समेतसंचालनगरेकोविद्यालयको वाषिर्कोत्सव कार्यक्रम पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न हुने बताइएको छ।


प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

क्षमा दिनु दुश्मनमाथि विजय प्राप्त गर्नु हो । - हजरत अली

## सम्पादकीय

# कांग्रेसको अभियान कता ?

उपनिर्वाचनको परिणामपछि नेपाली कांग्रेसमा रुपान्तरणको बहसलाई तीव्रता दिँदै कांग्रेसका युवा नेताहरूले देशव्यापी पार्टी रुपान्तरण अभियान थालेका छन् । रुपान्तरण अभियानअन्तर्गत गत बिहीबार काठमाडौंमा बृहत् भेला गरेका नेताहरूले आइतबार सातै प्रदेशमा रुपान्तरण अभियानको संयोजक तोकेका छन् ।

अभियानले सातै प्रदेशमा कांग्रेसमा रुपान्तरण र सुधारका लागि छलफल, अन्तरक्रिया र सुझाव संकलन गर्ने नेताहरूले बताएका छन् । शनिबार र आइतबार निरन्तर छलफलपछि नेताहरूले सात प्रदेशमा संयोजक तोकेका छन । अभियानका लागि कोशी प्रदेशमा गुरुराज घिमिरे, मधेशमा रञ्जित कर्ण, वाग्मतीमा मधु आचार्य, गण्डकीमा देवराज चालिसे, लुम्बिनीमा गोविन्द पोखरेल, कर्णालीमा भुपेन्द्रजंग शाही र सुदूरपश्चिममा भरत खड्कालाई संयोजक तोकिएको छ ।

उनीहरूमध्ये आचार्य र पोखरेल वर्तमान केन्द्रीय कार्यसमितिका सदस्य हुन् भने घिमिरे र शाही प्रदेश सभापतिका प्रत्याशी थिए । चालिसे केन्द्रीय सहमहामन्त्रीको उम्मेदवार थिए । उनीहरू सबै नेता शेखर कोइराला पक्षका नेता हुन् । पार्टीमा रुपान्तरण र सुधारका लागि देशव्यापी अभियान सञ्चालन गर्ने निर्णय गरेका छन्। 'सातै प्रदेशमा पार्टी सुधारका लागि विकल्पहरू के-के हुन सक्छन् ? हामीले छलफल गर्ने, बहस गर्ने र सुझाव लिने अभियान चलाउँने रहेको छ ।

काङ्ग्रेसमा २०७४ को चुनावमा पराजयको लागि सभापति शेरबहादुर देउवालाई जिम्मेवार बनाएर राजिनामाका लागि दबाब दिइएको थियो । सडकमा जुत्ता सिउने र सफा गर्ने काम भएको थियो । त्यसको फाइदा पार्टीले लिन सकेन । सभापति देउवा झन बलिया भए ।अभियान चलाउने नेता भए । अभियानले केहीलाई नेता, सांसद र मन्त्री बनायो । अहिले फेरि पार्टीलाई सुधारको अभियान चलाउनु अर्का नयाँ नेत बनाउने मात्र हो । बैचारिक र संगठनात्मक स्पष्टता चाहिन्छ । अभियान चर्चा कमाउने हुनु हुँदैन । विचा र सिद्धान्तमा वहसले मात्र पार्टीलाई जीवन दिन्छ । काङ्ग्रेसमा नेतृत्वको लागि भन्दा सिद्धान्त र विचारमा स्पष्टताका लागि अभियान जरुरी छ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाब | धनु | : मन चञ्चल |
| कर्कट | : शारीरिक झमेला | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# कारागारबाट भागेका कैदी ११ वर्षपछि पक्राउ

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ बैशाख

उन्नाइस वर्षअघि कारागारबाट भागेका म्याग्दीका एक कैदी पक्राउ परेका छन् ।

जिल्ला अदालत म्याग्दीले कर्तव्य ज्यान मुद्दामा दोषी ठहर भएका धवलागिरि गाउँपालिका-३ का ४८ वर्षीय लक्ष्मीप्रसाद बुढा (लक्षीना)लाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय म्याग्दीका प्रहरी निरीक्षक किरन लामाले यही वैशाख २१ गते पक्राउ परेका बुढालाई बाँकी कैद कट्टा गर्नका लागि अदालतको आदेशानुसार कारागार चलान गरिएको आइतबार जानकारी दिनुभयो । बुढालाई विसं २०५९ फागुन १५ गते म्याग्दी जिल्ला अदालतले २० वर्ष कैद सजाय सुनाएको थियो । विसं २०५७ फागुन १ देखि २०६० चैत ७ गतेसम्म तीन वर्ष दुई महिना सात दिन कैद भुक्तान गरेका थिए । उनले थप १७ वर्ष १० महिना २३ दिन कैद सजाय भुक्तान गर्न बाँकी छ । विसं २०६० चैत ७ गते भएको बेनी भिडन्तका क्रममा कारागारबाट भागेका बुढालाई विशेष सूचनाका आधारमा प्रहरी टोलीले पक्राउ गरेको हो ।

# म्याग्दीमा पशु पूर्ण खोप कार्यक्रम

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ बैशाख

म्याग्दीका सबै स्थानीय तहमा पशुमा पूर्ण खोप कार्यक्रम सञ्चालन भएको छ ।

खोपका माध्यमबाट पशुधनको सुरक्षा तथा उत्पादन वृद्धिका लागि भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले जिल्लाका छ वटै पालिकाका किसानले पालेका पशुलाई खोप लगाउने अभियान सञ्चालन भएको हो । केन्द्रका प्रमुख जीवनप्रसाद आचार्यले जिल्लाभर एक लाख दश हजार छ सय ३३ गाई, भैँसी, बङ्गुर, बाख्रा, भेडा, कुकुर र चौरीगाईलाई खोप लगाउने लक्ष्य रहेको बताउनुभयो । बेनी नगरपालिका, अन्नपूर्ण, रघुगङ्गा, मङ्गला, मालिका र धवलागिरि गाउँपालिकामा अभियान सञ्चालन भएको छ । "रघुगङ्गा, अन्नपूर्ण, मङ्गला गाउँपालिका र बेनी नगरपालिकामा खोप लगाउने काम सकिएको छ," आचार्यले भन्नुभयो, "मालिका र धवलागिरिमा खोप अभियान सञ्चालनको तयारीमा छौँ ।" किसानका पशुफार्म तथा गोठमा पुगेर पशु चौपायाको तथ्याङ्क सकलन, खोपकर्ता नियुक्ती, जनप्रतिनिधि र अगुवा किसानलाई अभिमुखीकरण गरी खोप लगाउन प्राविधिकलाई परिचालन गरिएको हो । पूर्ण खोप अभियानका लागि एक वटा वडामा भूगोल र पशुसङ्ख्याको आधारमा दुईदेखि तीन जनाको दरले प्राविधिक र खोपकर्ता परिचालन गरिएको केन्द्रका सूचना अधिकारी रामकृष्ण सुवेदीले बताउनुभयो ।

"सबै प्राविधिकलाई तालिम दिएर पूर्ण खोपका लागि परिचालन गरिएको छ", उहाँले भन्नुभयो । छ वटा स्थानीय तह रहेको म्याग्दीमा ४५ वटा वडा छन् । बेनी नगरपालिकामा सत्र हजार चार, मङ्गला गाउँपालिकामा १३ हजार ९५, मालिकामा १७ हजार आठ सय ४६, रघुगङ्गामा २५ हजार तीन सय ७५, धवलागिरीमा १५ हजार आठ सय ९१ र अन्नपूर्णमा २१ हजार चार सय २२ पशुलाई खोप लगाउने लक्ष्य छ ।

किसानको फार्म र गोठमा पुगेर पिपिआर, खोरेत, भ्यागुते, चरचरे, कलासिकल स्वाइन फिवर र रेबिज रोगविरुद्धको खोप निःशुल्क लगाउने व्यवस्था मिलाइएको छ । पशुलाई महामारीजन्य रोगबाट बचाउन खोप प्रभावकारी उपाय हो । पशुबाट मानिस र मानिसबाट पशुमा सर्ने जुनोटिक रोगलाई नियन्त्रण गरी जनस्वास्थ्यलाई पार्ने नकारात्मक प्रभावबाट बचाउन र पशुजन्य रोगको उपचार र नियन्त्रण गर्दा लाग्ने समय र खर्चको बचतका लागि पूर्णखोप कार्यक्रम प्रभावकारी बन्ने विज्ञ केन्द्रले जनाएको छ । गण्डकी प्रदेश सरकारले सङ्क्रामक रोग निर्मूल पार्ने योजना अनुसार प्रदेशलाई नै पूर्ण खोपयुक्त बनाउन ११ वटा जिल्लामा अभियान सञ्चालन गरेको छ ।

# नेपाली युवाको कम्पनीलाई अमेरिकी राष्ट्रपतिको सम्मान

**-मधुकर अधिकारी**
काठमाडौं, २४ बैशाख (रासस)

अमेरिकी राष्ट्रपति जो वाइडेनले अमेरिकामा नेपाली युवाले सञ्चालन गरिरहेको कम्पनी साइनसिक्सलाई अवार्ड प्रदान गर्नुभएको छ । अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइटहाउसमा यही मे १ मा आयोजित समारोहमा नेपाली मूलका डा राज के भण्डारी र श्रद्धा पौडेलले संयुक्तरुपमा सञ्चालनमा ल्याएको साइनसिक्स कम्पनीलाई राष्ट्रपति वाइडेनले सम्मान गर्नुभएको हो ।

साइनसिक्सलाई अमेरिकाको 'स्मल विजनेश एड्मिनिस्ट्रेशन'ले 'एक्सपोर्टर अफ दि इयर २०२३' अवार्डबाट सम्मानित गरेको थियो । अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसमा आयोजित एक कार्यक्रममा राष्ट्रपति वाइडेनले सो अवार्ड प्रदान गर्नुभएको थियो । सन् १९८५ मा स्थापना भएको उक्त कम्पनीको स्वामित्व भण्डारी र पौडेल समूहले सन् २०२१ मा ग्रहण गरेको थियो । हाल उक्त कम्पनीमा २६ जना कर्मचारी कार्यरत छन् । यो अवार्ड नेपाली मूलका अमेरिकीलाई पहिलो पटक प्रदान गरिएको हो ।

अमेरिकामा साना तथा मझौला उद्योग तथा व्यवसायका रुपमा सञ्चालनमा आएका करिब तीन करोड ३१ लाख ८५ हजार कम्पनी रहेको तथ्याङ्क छ । यस्ता साना व्यवसायीले छ करोड १७ लाख जनालाई रोजगारी दिएका छन् । कम्पनीको पुँजी र रोजगारीका आधारमा साना तथा मझौला उद्योगका रुपमा वर्गीकरण गर्ने गरिन्छ । अमेरिकाको मिनासोटा राज्यमा कारखाना र साउथ क्यारोलिनामा रहेको प्रशासनिक भवनबाट सञ्चालित हुँदै आएको उक्त कम्पनीको अध्यक्ष डा भण्डारी हुनुहुन्छ भने श्रद्धाले 'एडभाइजर टु दि प्रेसिडेन्ट' र 'मेन्टर' को जिम्मेवारी सम्हाल्नुहुन्छ । साउथ डकोटा स्टेट् युनिभर्सिटीबाट विद्यावारिधि गर्नुभएका भण्डारीले हार्डवर्ड स्कूल अफ पब्लिक हेल्थमा अनुसन्धान सहयोगीका रुपमा एक वर्ष कामसमेत गर्नुभएको थियो ।

अवार्ड प्राप्त गरेपछि भण्डारी र पौडेलले ह्वाइटहाउसले व्यवसायीका रुपमा गरेको सम्मानबाट पहिलो नेपाली अमेरिकी बन्न पाउँदा आफ्नो कामले सफलता चुमेको टिप्पणी गर्नुभयो । अमेरिकी राष्ट्रपति जो वाइडेन र उपराष्ट्रपति कमला ह्यारीसको उपस्थितिमा सो समूह सम्मानित भएको थियो । "यस्तो अवार्ड प्राप्त गर्नु मेरा लागि गौरवको क्षण हो, यो मेरो र श्रद्धाका लागि जीवनकै महत्वपूर्ण समय हो", पौडेलले भन्नुभयो । उहाँले भन्नुभयो, "भेटका क्रममा राष्ट्रपति वाइडेनसँग केही संवाद पनि भयो । राष्ट्रपति वाइडेनसँग मैले म नेपालबाट आएको एक आप्रवासी हुँ र मैले अमेरिकी सपनालाई पछ्याउँदै आएको छु भनेँ, राष्ट्रपति वाइडेनले नेपालका बारेमा जान्दछु", भन्नुभयो । राष्ट्रपति वाइडेनले आप्रवासीले अमेरिकी भूमिमा रोजगारी सिर्जना गर्नुका साथै व्यवसाय विस्तारमा महत्वपूर्ण भूमिका खेलेको भन्दै प्रशंसा गर्नुभएको पनि उहाँले जानकारी दिनुभयो ।

त्यस अवसरमा उपराष्ट्रपति कमला ह्यारीसले पनि आफूहरूलाई हौसला प्रदान गर्नुभएको जानकारी दिँदै आप्रवासीको सफलताको कथाले आफूलाई खुसी बनाएको बताउनुभएको भण्डारीले बताउनुभयो । कास्की जिल्लाको लामाचौरमा जन्मिएका भण्डारी सन् २००४ मा र श्रद्धा सन् २००५ मा विद्यार्थी भिसामा अमेरिका आउनुभएको हो । अठार वर्ष अमेरिकामा बसेर प्रविधिमा आधारित उत्पादन र वितरणसँग जोडिएर काम गर्दा आफूहरुले यो सफलता हासिल गरेको उहाँहरुको भनाइ छ । यो नेपाली मूलकालाई मात्र नभएर सम्पूर्ण आप्रवासीका लागि पनि एउटा प्रेरणादायी क्षण भएको उहाँहरुको भनाइ छ । भावि पिँढीका लागि पनि मार्गनिर्देशक बन्न सकोस् भनेर आफूले हासिल गरेको ज्ञान, अनुभव र दक्षता विस्तार गर्ने पक्षमा आफूहरु रहेको उहाँहरुले बताउनुभयो । यो कम्पनीले औषधिको गुणस्तरमा परिमाणको मात्रा जाँच्नका लागि आवश्यकपर्नेउपकरणकोमर्मतसम्भारगर्ने पार्टपुर्जा उत्पादन गर्ने गर्दछ । उक्त कम्पनीले ती पार्टपुर्जा अमेरिका र विश्वका एक सय देशमा निर्यात गर्दै आएको छ ।

# विद्यार्थीलाई छात्रवृत्ति

**रासस**
काठमाडौं, २४ बैशाख

होटल व्यवस्थापनका विद्यार्थीलाई छात्रवृत्तिमा मध्यपूर्वी मुलुकका होटलहरूमा इन्टर्नशिपमा पठाइएको छ ।

पद्मकन्या क्याम्पसले विदेशका होटलमा इन्टर्नशिप कार्यक्रमा सहभागी हुनका लागि ६ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको हो । उनीहरूलाई हवाई टिकट र भिसा प्रक्रियाका लागि रु ७५ हजारका दरले छात्रवृत्ति उपलब्ध गराएको छ ।

त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन सङ्कायअन्तर्गत सञ्चालित होटल म्यानेजमेन्ट कार्यक्रमअन्तर्गतका छैटौं र सातौं सत्रका विद्यार्थीहरूले गर्नुपर्ने इन्टर्नशिप कार्यक्रममा सहभागी हुनका लागि छात्रवृत्ति दिइएको हो ।

विसं २०७६ देखि पद्मकन्या क्याम्पसमा होटल म्यानेजमेन्ट कार्यक्रम सञ्चालित छ । इन्टर्नशिपमा लागि विदेश जाने विद्यार्थीहरूबाट कन्सल्टेन्सीमार्फत कलेजहरूले चर्को शुल्क लिएको आरोप लागिरहेकै सन्दर्भमा कलेजले विदेशमा इन्टर्नशिपका लागि पहिलो पटक विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको हो ।


## बिमालेख हरायो

यहि मिति २०७९/१२/१५ गते पृथ्वीचोकबाट महेन्द्रपुल जाँदै गर्दा मेरो निम्न विवरणको एशियन लाइफ इन्स्योरेन्सको बिमालेख हराएको हुँदा फेलापार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम : सागर गौतम

बिमालेख नं. : ६५१५००१२४१६

सम्पर्क नं. : ९८४६०१४४६८


# राष्ट्रिय प्रसारण लाइनमा जोडियो ५४ मेगावाटको बिजुली

**पोखरापत्र संवाददाता**
लमजुङ, २४ बैशाख

दोर्दी गाउँपालिका-६ ढोडेनीमा निर्माण भएको ५४ मेगावाट क्षमताको सुपरदोर्दी 'ख' आयोजनाको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ ।

"पिपुल हाइड्रोपावर कम्पनीले निर्माण गरेको सो आयोजनाबाट उत्पादित बिजुलीको परीक्षण सफल भएसँगै केही दिनअघिदेखि राष्ट्रिय प्रसारण लाइनमा जोडिएको हो", आयोजनाका साइट इन्चार्ज रमेश सिग्देलले भन्नुभयो, "हामीले एक महिनाअघि निर्माण गरेर आयोजनाको डिसेन्टर टनेलमा दुई तीन पटक पानी हालेर परीक्षण गर्यौं त्यसमा सफल भयौं अनि १५ दिन जति उत्पादित बिजुली प्राधिकरणका कर्मचारीले परीक्षण गर्दा पनि सफल भयौं ।"

"अब करिब १५ दिन पछि व्यावसायिकरुपमा बिजुली उत्पादन थालिने छ," उहाँले भन्नुभयो, "५४ मेगावाट क्षमताको बिजुली भए पनि दोर्दी खोलामा पानीको अभाव भएकाले हाल २०/२२ मेगावाट बिजुली उत्पादन भइरहेको छ ।" प्राधिकरणका पदाधिकारी, दोर्दी गाउँपालिकाका अध्यक्ष युवराज अधिकारी, प्रमुख जिल्ला अधिकारीलगायत टोलीले आयोजनाको उत्पादित बिजुली अवलोकन गरेका थिए । यस आयोजनाले निर्माण थालनी गरेको करिब नौ वर्षपछि बिजुली उत्पादन गर्न थालेको हो ।

विसं २०७१ मा विद्युत् खरिद सम्झौता (पिपिए) गरी विसं २०७२ असोज महिनादेखि निर्माण थालेको यस आयोजनाले सम्झौताअनुसार विसं २०७५ मा निर्माण सम्पन्न गर्नु गरिसक्नुपर्ने थियो । निर्धारित समयमा आयोजना सम्पन्न नभएपछि समय थप गर्दै विसं २०७७ असारसम्मका लागि म्याद थप गरिएको थियो । सो अवधिमा समेत निर्माण कार्यमा ढिलाइ भएपछि विसं २०७८ असारसम्म निर्माण सके सम्झौता गरिएको थियो ।

पटकपटक म्याद गर्दै पनि गत पुस महिनाभित्रै बिजुली उत्पादन गर्ने आयोजनाको लक्ष्य रहे पनि सो समयमा पनि बिजुली उत्पादन हुन नसकेको थिएन । आयोजनाका अनुसार यसअघि भारतले गरेको नाकाबन्दी, दोर्दी खोलामा आएको बाढी-पहिरो, कोरोना सङ्क्रमण, लकडाउनलगायत कारणले निर्माण अवधि लम्बिएको थियो । आयोजनाको पाँच दशमलव एक किलोमिटरको मुख्य सुरुङ छ । त्यस्तै सबै गरेर १० दशमलव तीन सय ५० किलोमिटर सुरुङ मार्ग रहेको छ । कूल रु आठ अर्ब ८० करोडको लगानीमा उक्त आयोजनाको निर्माण कार्य अघि बढाइएकामा निर्माण अवधि लम्बिँदा करिव रु १० अर्ब ३९ करोड देखि ५० करोडसम्म लागत पुगेको छ । उक्त आयोजनामा सानिमा बैंकको अगुवाइमा नौ बैंकले ऋण लगानी गरेका थिए । सत्तरी प्रतिशत ऋण लगानी र बाँकी प्रवर्द्धन लगानीमा आयोजना निर्माण भएको हो । आयोजनाबाट असर पर्नसक्ने जिल्लावासीको मात्र रु २७ करोड लगानी रहेको छ । पानीको बहावमा आधारित यो आयोजनाको कूल ग्रस हेड छ सय ४० मिटर रहेने छ भने वार्षिक करिब ३१ करोड ५० लाख युनिट विद्युत् उत्पादन हुने आयोजनाले जनाएको छ । उक्त आयोजनाले सुख्खायाममा आठ रुपैयाँ ४० पैसा र बर्खायाममा चार रुपैयाँ ८० पैसामा विद्युत् बिक्री गर्ने (पिपिए) सम्झौता गरेको छ । दोर्दी गाउँपालिका अध्यक्ष युवराज अधिकारीले पालिकाभित्र आधा दर्जन आयोजना रहेको र यस आयोजनाको राजस्वले समृद्ध पालिका निर्माणमा टेवा पुग्ने बताउनुभएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. २२ मा ओडारेप पिपल डाली आमा समूहको भवन निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नामः ओडारेप पिपल डाली आमा समूहको भवन निर्माण

स्थानः पोखरा-२२, कास्की

योजना शुरु मिति : २०८०/०१/०७ गते

योजना सम्पन्न मितिः २०८०/०१/२१ गते

योजनाको कुल लागत : रु. ५,५५,५५५.५५ ।-

महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.५,००,००० ।-

जनसहभागितावाट : रु. ५५,५५५.५५ ।-

**ओडारेप पिपल डाली आमा समूह भवन निर्माण उपभोक्ता समिति पोखरा-२२, कास्की**



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २१ प्राथमिक स्वास्थ्य केन्द्र देखि थाकुरी गाउँ लिंक सडक स्तरोन्ती गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्वन्धि सवैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

योजनाको नाम : प्राथमिक स्वास्थ्य केन्द्र देखि थाकुरी गाउँ लिंक सडक स्तरोन्ती

उपभोक्ता समितिको नाम : प्राथमिक स्वास्थ्य केन्द्र देखि थाकुरी गाउँ लिंक सडक स्तरोन्ती उपभोक्ता समिति

योजना साम्झौता मिति : २०७९/०९/२५

योजना सुरु मिति : २०७९/०९/२६

योजना सम्पन्न भएको मिति : २०८०/०१/२०

महानगरपालिका बाट प्राप्त : ३०,००,०००/-

जनसहभागीता : ३,३३,२८०/१२

योजनाको कुल लागत : ३३,३३,२८०/१२

होम बहादुर ठकुरी
अध्यक्ष
प्राथमिक स्वास्थ्य केन्द्रदेखि थाकुरी गाउँ लिंक सडक स्तरोन्ती उपभोक्ता समिति
पोखरा-२१, कास्की

# लोपोन्मुख हुँदै घाटु नाच

**पोखरापत्र संवाददाता**
दमौली, २४ बैशाख

"पहिला-पहिला हरेक टोलमा घाटु नचाइन्थ्यो, अहिले अवस्था बदलिएको छ । नयाँ पुस्ताको चासो कम छ", तनहुँको भानु नगरपालिका-१३ रयालेका गलबहादुर गुरुङले भन्नुभयो, "अहिले कतै-कतैमात्रै घाटु नचाएको पाइन्छ।"

बदलिँदो अवस्थाअनुसार नयाँ पुस्तामा संस्कृतिप्रति कम चासो भएकाले घाटु लोप हुँदै गएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "पहिला-पहिला घाटु नचाउँदा निकै उल्लासपूर्ण अवस्था हुन्थ्यो, अहिले त संरक्षणका लागि मात्रै भनेर घाटु नचाउने गरेको पाइएको छ ।" उहाँले आजभोलि कहीँकतैमात्रै घाटु नचाउने गरेको बताउनुभयो। उहाँले भन्नुभयो,"अहिलेका पुस्तामा केही कुराको मतलब छैन । पहिला जुन उत्साह थियो, अहिले त्यो छैन । हरेक टोलमा घाटु अनिवार्य थियो तर अहिले संरक्षण गरौँ भन्ने भावनाले मात्र घाटु नचाउने परम्परा बस्न थाल्यो ।" आँबुखैरेनी गाउँपालिका-५ स्थित भोटेश्वारामा घाटु लोपोन्मुख अवस्थामा पुगिसकेको छ। पन्ध्र वर्ष अगाडिसम्म घाटु नचाउने गरिए पनि त्यसयता घाटु नचाउन छाडिएको छ । तर गाउँका केही युवाको सक्रियतामा १५ वर्षपछि पुनः घाटु नाच प्रदर्शन गरिएको छ । स्थानीय रञ्जित गुरुङ र सूर्यमानसिंह गुरुङको



सक्रियतामा लोप हुँदै गएको घाटुको संरक्षणका लागि घाटु नाच सुरु गरिएको हो । बुद्ध जयन्तीको अवसर पारेर घाटु नाच पुनः सुरु गरिएको स्थानीयवासी सूर्यमानसिंह गुरुङले जानकारी दिनुभयो । "पछिल्लो समय घाटु नाच लोप हुँदै गइरहेको छ, गुरुङ समुदायमा प्रख्यात रहेको यो नाच संरक्षण गर्नुपर्छ भन्ने उद्देश्य राखेर हामी लागिपरेका छौँ", उहाँले भन्नुभयो, "घाटु नाचको संरक्षण गर्दै भावी पुस्तालाई यसबारेमा जानकारी प्रदान गर्ने लक्ष्य हो।" स्थानीय रञ्जित गुरुङले घाटु नाचबारे आवश्यक जानकारी सिकेपछि १५ वर्षको अन्तरालमा पहिलोपटक यो नाच प्रदर्शन गरिएको हो । "लामो समयदेखि यो नाच निरन्तरता हुन सकेन, घाटु नाच नचाउने गुरुबा नभएका कारण पनि यसलाई निरन्तरता दिन सकेनौँ", उहाँले भन्नुभयो । घाटु नाच्नका स्थानीय तीन कन्या छनोट गरिएको छ। उनीहरूलाई तीन-चार दिन नाच्नसिकाइएको थियो । "अहिलेका पुस्तालाई यसबारेमा जानकारी नै छैन, कन्यालाई पनि नचाउनुअघि सबै कुरा सिकाइसकेका छौँ", उहाँले भन्नुभयो। गुरुङ संस्कृतिअनुसार माघ महिनामा वसन्त पञ्चमीबाट सुरु भएको घाटु नाच वैशाख पूर्णिमापछिको पञ्चमीमा समापन गरिन्छ। सति र बाह्रमासे गरी घाँटु नाच दुई प्रकारको हुन्छ। सतिघाँटु श्रीपञ्चमीमा सुरु भई वैशाख पूर्णिमामा अन्त्य गरिन्छ भने बाह्रमासे घाटु जुन बेला पनि नाच्ने गरिन्छ। गुरुङ समुदायको ऐतिहासिक घटनाक्रमसँग जोडिएको घाँटु नृत्य पनि ठाउँअनुसार फरक-फरक पाइए पनि सबै ठाउँमा नाचिने घाटुको कथा भने एउटै हुने बताइन्छ । घाटुमा नाच्नका लागि घाटुकी कन्या कथाको विषयवस्तुअनुसार आवश्यक सङ्ख्यामा छानिन्छ । उनीहरूलाई घाटु नाच्नुअघि अक्षताले इष्टदेवी, हिउँचुली, बरचुली, देउचुली, गङ्गाचुली आदिको पूजा गरेपछि घाटु नाच्ने कन्याको आँखा बन्द हुने गर्दछ। यसलाई देवी चढेको मानिन्छ। कन्याको आँखा बन्द नभएसम्म देवीको नाम जप्नुपर्छ। देवीले पत्याएपछि घाटु सुरु गरिन्छ । घाटु नाचको सुरुआत मङ्गल चरणबाट गरिन्छ । इष्टदेवीहरूको साथमा आमा, धर्ती र आकाशलाई साक्षी राखिन्छ । घाटु नृत्यमा वाद्य र साज शृङ्गारभन्दा पनि कारुणिक कथाको व्याख्या गरिएको हुन्छ। कारुणिक र हृदयविदारक गीत गाएर शोकाकुल अवस्था सिर्जना हुँदा गाउने कलाकार र दर्शकसमेत धुरुधुरु रोएको पाइन्छ। सतिघाटुमा गुरुबाले गीतबाटै मङ्गलचरण गरी घाटु देवता जगाउने, घाटुली चयन, शृङ्गार गर्ने, नृत्यकला सिकाउने सति ढलाउने सति जगाउने काम गर्छन् । सत्रौँ शताब्दीदेखि घाटु नृत्यको प्रारम्भ भएको मानिन्छ । यस नृत्यमा रजस्वला नभएका कन्यालाई स्थानीय वेषभूषामा सजाइ मध्ययुगीन राजा परशुराम र रानी आम्पावतीको प्रतीकका रूपमा घाटु नृत्यको प्रारम्भ गरिन्छ । सदियौँदेखि पुरानो सांस्कृतिक नाच भए पनि पछिल्लो पुस्ताको चासो नहुनु र पुरानो पुस्ता सकिँदै जाँदा लोप हुँदै गएकाले यसलाई जोगाउने प्रयास गरिएको रञ्जित गुरुङले जानकारी दिनुभयो।



असिनापानीका कारण मकैबालीमा क्षति
शनिबार साँझ आएको असिनापानीका कारण पोखरा महानगरपालिका- ३२ तल्लो गगनगौँडाको बेलबुटे क्षेत्रमा मकैबालीमा पुऱ्याएको क्षति । तस्बिरः वासुदेव पौडेल/रासस

# खानेपानी आयोजना अलपत्र

**प्रेम बहादुर आले**
गोरखा, २४ बैशाख

गोरखाको सहिद लखन गाउँपालिका-९ नाम्जुङमा दुई वर्षअघि निर्माण सम्पन्न भइसक्नुपर्ने खानेपानी आयोजना अझैसम्म पनि अलपत्र परेको छ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय गोरखाले करिब रु साढे दुई करोडमा ठेक्का लगाएको खानेपानी आयोजना विसं २०७८ असारमा नै निर्माण सम्पन्न गर्नुपर्ने भए पनि अहिलेसम्म निर्माण सम्पन्न हुनसकेको छैन। ठेकेदार कम्पनी मृत सञ्जिवनी नाना जेभीले उक्त आयोजना निर्माणको जिम्मा पाएको थियो । पहिलोपटक तोकिएको समयमा काम सम्पन्न गर्न नसकेपछि कार्यालयले दुई पटकसम्म म्याद थप गर्दासमेत ठेकेदार कम्पनी खानेपानी आयोजना निर्माण नगरी अलपत्र पारेर छाडेको छ।

अहिलेसम्म आयोजनाको भौतिक प्रगति करिब ५० प्रतिशतमात्र भएको कार्यालय प्रमुख किरण पौडेलले जानकारी दिनुभयो । "लिफ्टिङ प्रविधिबाट निर्माण गर्न लागिएको यो आयोजना तीन किलोमिटर टाढा रहेको ढिकुरे रहबाट पानी तानेर वितरण गर्ने गरी सुरु गरिएको हो", उहाँले भन्नुभयो, "रिजर्भ ट्याङ्कीसहित चारवटा ट्याङ्की निर्माण गर्ने गरी आयोजनाको लागत अनुमान छ ।" टयाङ्की निर्माणको काम भने अहिले उपभोक्ता समितिमार्फत पहिले नै बनेकाले पछिल्लो बजेटबाट पाइप खरिद, ट्रिटमेन्ट प्लान्ट निर्माणलगायतका काम गर्ने गरी सम्झौता भएको थियो।"

प्रमुख पौडेलले ठेकेदार कम्पनीले पाइप खरिद, ट्रिटमेन्ट प्लान्ट निर्माणको काममात्र सम्पन्न गरेको बताउनुभयो । "काम सम्पन्न गरेअनुसार कार्यालयले अहिलेसम्म ठेकेदार कम्पनीलाई रु एक करोड ३० लाख भुक्तानी गरिसकेको छ", उहाँले भन्नुभयो, "त्यसबाहेक रु ११ लाख ठेकेदार कम्पनीले पेश्कीस्वरुप बुझिसकेको छ ।" प्रमुख पौडेलले अझै नियमित काम गरे असार मसान्तसम्म काम सम्पन्न गर्न सक्ने अवस्था रहेको बताउनुभयो। "कार्यालयका तर्फबाट हप्तामा एकपटक फोन गरेर पनि काम समयमा सम्पन्न गर्न भनेका छौँ", उहाँले भन्नुभयो, "टेलिफोनमा मात्र नभएर दुई पटकसम्म त लिखितरूपमा पनि पत्र पठाइसकिएको छ।" आयोजना निर्माण सम्पन्न भए कार्यालयले आवश्यक विद्युतीकरणका लागि ठेक्का लगाउने तयारी गरिरहेको प्रमुख पौडेलले बताउनुभयो।

आयोजनाबाट पँधेरागाउँ, खोलापारि, माथिल्लो आरुबोटे, डाँडागाउँलगायतका क्षेत्रका करिब दुई हजार तीन सय ७७ घरघुरीमा खानेपानी पुऱ्याउने लक्ष्य रहेको थियो । ठेकेदार कम्पनी नाना जेभीले भने कोरोनाका कारण आयोजना निर्माणमा ढिलाइ भएको दाबी गरेको उहाँले जानकारी दिनुभयो।

# बहुउद्देश्यीय कृषि फार्ममा कालिजदेखि भैँसीसम्म

**पोखरापत्र संवाददाता**
दमौली, २४ बैशाख

तनहुँको शुक्लागण्डकी नगरपालिका-१० गैराबारीस्थित युनिक बहुउद्देश्यीय कृषि फार्म एक सय तीन रोपनी क्षेत्रफलमा फैलिएको छ । कृषि फार्ममा कालिज, हाँस, लोकल कुखुरादेखि भैँसीसम्म पालन गरिएको छ।

कृषि र पशुपालनलाई एकीकृतरुपमा लैजाने र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यसहित हरिबहादुर खड्काले विसं २०७४ देखि बहुउद्देश्यीय फार्म सञ्चालनमा ल्याउनुभएको थियो । नेपालमा रोजगारी नभएको भन्दै युवा विदेशिरहेको अवस्थामा उहाँले करोडौँको लगानीमा उक्त फार्म सञ्चालन गर्नुभएको हो।

पाडापाडीसमेत गरी एक सय भैँसी रहेको सो फार्मबाट दैनिक तीन सय ५० लिटर दूध उत्पादन हुने गरेको र उत्पादित दूध खैरेनीटार तथा दुलेगौडामा रहेको विक्री केन्द्रमार्फत विक्री भइरहेको छ । "खैरेनीटार र दुलेगौडा बजारमा एक/एक वटा बिक्री केन्द्र राखेर दूध बिक्री भइरहेको छ, दूध बिक्रीका लागि बजारको समस्या छैन", कृषक खडकाले भन्नुभयो, "माग बढी भएकाले दूध उत्पादन वृद्धि गर्नुपर्ने भएको छ।"

फार्ममा एक हजार पाँच सय कालिज रहेकामा एक हजार कालिज बिक्री भइसकेको छ भने हाल पाँच सय कालिज छन् । त्यस्तै पाँच सय हाँस पालिएको छ। लोकल कुखुराको प्रवर्द्धनका लागि तीन हजार पाँच सय कुखुरापालन गरिएको छ । हालसम्म लगानी रु ११ करोड पुगेको उहाँले बताउनुभयो । "भौगोलिक अवस्थाका कारण लगानी केही बढेको छ, फार्मसम्म पुग्ने बाटो निजी खर्चमा ढलान गरेका छौँ, मान्द्रेबजारदेखि निजी खर्चमा नै थ्री फेज लाइन विस्तार गरिएको छ", कृषक खड्काले भन्नुभयो । फार्ममा दस आवासीय कर्मचारी छन् । घाँस काट्नका लागि आवश्यकताअनुसार थप जनशक्ति राख्ने गरिएको छ । बाह्र वर्ष नेपाली सेनामा बिताउनुभका खड्काले एघार वर्ष आबुधाबी प्रहरीमा काम गर्नाका साथै स्वदेश फर्किएर युनिक डिपार्टमेन्टल स्टोर्सबाट व्यावसायिक यात्रा सुरुआत गर्नुभएको थियो।

"स्वदेशमै परिवारसँग बसेर कृषि पेसा अँगाल्न सके राम्रो आम्दानी छ, विदेश जाँदा खर्चिने रकम कृषि र पशुपालनमा लगानी गर्ने हो भने त्यहाँ कमाउने जति रकम परिवारसँगै रमाएर यहीँ कमाउन सकिन्छ", उहाँले भन्नुभयो । "जबसम्म कृषि काम गर्नेलाई सम्मान गर्न सकिदैंन तबसम्म अन्य कुरा गर्न सक्दैनौँ, तीन तहको सरकारले कृषिलाई बढी प्राथमिकता दिनुपर्छ", कृषक खड्काले भन्नुभयो, "राज्यले गरेको लगानी उत्पादनसँग जोड्न सक्नुपर्छ ।" व्यावसायिकरुपमा कृषि गरेकालाई राज्यले सहयोग नगरेको उहाँको गुनासो थियो । निर्वाहमुखी कृषि गरेकालाई बढी प्राथमिकता दिने गरिएको गुनासो गर्दै उहाँले भन्नुभयो, "झोलामा कृषि गरेकाले अनुदान पाएका होलान्, तर व्यावसायिकरुपमा गर्नेलाई कम प्राथमिकता छ ।" आफूहरुलाई पशुपालनसम्बन्धी ज्ञान नहुँदा केही समस्या भएको जानकारी दिँदै कृषक खड्काले भन्नुभयो, "शुक्लागण्डकी नगरपालिकालाई १५ दिनमा एक पटक चिकित्सक पठाइदिनुस् भनेर आग्रह गरिरहेका छौँ। प्राविधिक सल्लाह र सामान्य औषधि उपचारका कुराहरु गरिदिए हामीलाई सहज हुन्थ्यो।"

फार्मले प्राङ्गारिक तरकारी उत्पादन गर्ने अवधारणा बनाएको र कृषि पर्यटनलाई जोड दिएको छ । कृषि र पशुपालनलाई पर्यटनसँग जोडेर घरबास सञ्चालन गर्ने योजना बनाइएको छ। त्यसका लागि फार्म परिसरमा घुमाउने घर बनाइएको छ।

लोप हुने अवस्थाका घुमाउने घरलाई संरक्षण गरिएको उहाँले बताउनुभयो । "लोप हुने अवस्थामा पुगेका पुराना कृषि सामग्रीलाई सङ्ग्रहालयको रूपमा घुमाउने घरमा राख्ने तयारी छ । यसका लागि ढिकी, जाँतो, कुटो, कोदालो, हँसियालगायत सामग्री सङ्कलन भइरहेको छ" खड्काले भन्नुभयो, "घरबासमा बास बस्न आउने पर्यटकलाई आफ्नै फार्ममा उत्पादन भएको प्राङ्गारिक परिकारका स्वाद चखाउँछौँ।"

# दर्ताविना सञ्चालनमा रहेका पसलमा ताला

**पोखरापत्र संवाददाता**
बागलुङ, २४ बैशाख

पटकपटक आग्रह गर्दासमेत कानुनी प्रक्रिया पूरा नगरेका बागलुङको कुश्मीशेरा बजारका केही पसलमा जिल्ला प्रशासन कार्यालयले ताला लगाएको छ। अनुगमनका क्रममा दर्ताविना नै सञ्चालनमा रहेका पसलमा ताला लगाइएको हो।

जैमिनी नगरपालिकाको मुकाम रहेको कुश्मीशेरा बजारमा शनिबार अनुगमन गरिएको थियो। जिल्ला प्रशासन कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जैमिनी नगरपालिकाका जनप्रतिनिधि, कृषि शाखा, प्रहरी, पत्रकार र बजार व्यवस्थापन समितिको रोहवरमा बजार अनुगमन गरिएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो। अनुगमनका क्रममा स्वास्थ्य उपचार जस्तो संवेदनशील कार्यमा संलग्न क्लिनिकसमेत विनादर्ता निर्वाध सञ्चालनमा रहेको पाइएको थियो । "यहाँ लामो समयदेखि सञ्चालनमा रहेको 'मेरो डेण्टल क्लिनिक' दर्ता नभएको भेटियो, यसअघि पनि पटकपटक दर्ता गरेर सञ्चालन गर्न आग्रह गरिएको थियो", बरालले भन्नुभयो, "अटेरी गरेकाले क्लिनिकमा ताला लगाइदिएका छौँ ।" अन्य केही श्रृङ्गार पसलमा समेत प्रशासनले ताला लगाएको छ। अनुगमनका क्रममा म्याद नाघेका खाद्यान्न भेटिएको, दर्ता नगरी व्यवसाय सञ्चालन गरिएको, केही पसलमा बिल, छाप नभएको, मूल्यसूची नराखी कारोबार गरिएको, एकै ठाउँमा फरकफरक प्रकृतिका सामानको व्यवसाय गरेको पाइएको बरालले बताउनुभयो। पटकपटक अनुगमन गरी सुझाव दिँदा पनि अटेरी गरिएको भन्दै केही व्यवसायका प्रमुखलाई आज जिल्ला प्रशासन कार्यलय बोलाइएको छ । अनुगमनका क्रममा थोरै समस्या रहेका पसललाई सुझाव दिइएको थियो भने कानुनी समस्या रहेका पसललाई बन्दसमेत गराई स्थानीय जनप्रतिनिधिलाई चाबी हस्तान्तरण गरिएको छ।

# डुबेर बालिकाको मृत्यु

**पोखरापत्र संवाददाता**
बागलुङ, २४ बैशाख

निसीखोलामा डुबेर बालिकाको मृत्यु भएको छ।

बागलुङको निसिखोला गाउँपालिका-६ भल्कोट बस्ने चक्रबहादुर बुढाकी छोरी पाँच वर्षीया साकीराको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक तथा सूचना अधिकारी मदन केसीले जानकारी दिनुभयो।

घर भन्दा दुई सय मिटर तल रहेको निसीखोलामा खेल्ने क्रममा डुबेर गम्भीर भएकी बालिकाको बुर्तिवाङ प्राथमिक स्वास्थ्य चौकीमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. २१ बक्रेक कात्तिके विरौटा स्वारा शाहीभञ्ज्याङ सडक निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः बक्रेक कात्तिके बिरौटा स्वारा शाहीभञ्ज्याङ सडक निर्माण**
**स्थानः पोखरा-२१, कास्की**
**योजना शुरु हुने मिति : २०७९/१२/०३ गते**
**योजना सम्पन्न हुने मिति : २०८०/०१/२५ गते**
**योजना सम्पन्न मितिः २०८०/०१/२५ गते**
**योजनाको कुल लागत : रु. ४,४७,१४४.१२।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु.४,००,०००।-**
**जन सहभागितावाट : रु.४७१४४.१२।-**
**उपभोक्ता समिति अध्यक्षः खिम बहादुर थापा**
**सम्पर्क नं.: ९८४६९०५०८९**
**जम्मा सदस्य संख्याः ७ जना महिलाः ३ पुरुषः ४ जना**

**बक्रेक कात्तिके बिरौटा स्वारा शाहीभञ्ज्याङ सडक निर्माण उपभोक्ता समिति पोखरा-२१**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

**पोखरा महानगरपालिका वडा नं. ११ फुलबारी शिवशक्ति मार्गमा ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालयद्वारा निर्माणाधिन दिव्य शान्ति अनुभूति केन्द्रको दोस्रो तल्ला ढलान निर्माण कार्य गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः ब्रह्माकुमारी ईश्वरीय विश्वविद्यालय भवन निर्माण**
**स्थानः पोखरा-११, शिवशक्तिमार्ग फूलबारी**
**योजना सम्झौता मिति : २०७९/१२/०३ गते**
**योजना शुरु मिति : २०७९/१२/०३ गते**
**योजना सम्पन्न हुने मितिः २०८०/०१/३० गते**
**योजनाको कुल लागत : रु. ४७,०५,८८२.३५ ।-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु. ४०,००,०००।-**
**जनसहभागितावाट : रु. ७,०५,८८२.३५ ।-**
**कुल खर्च : रु. ४७,२०,२७७।-**
**उपभोक्ता समिति अध्यक्षः मन्जु रावत**
**सचिवः विनिता पराजुली, कोषाध्यक्षः सुनिता बस्नेत**
**सम्पर्क नं.: ९८४६२३२६२६**
**अनुगमन समिति संयोजकः सुशिल बास्तोला वडा सदस्य**
**सदस्यहरुः शैलेशराज बराल, निर्मलाराज भण्डारी**

**दिव्य शान्ति अनुभूति केन्द्र भवन निर्माण उपभोक्ता समिति पोखरा-११, फूलबारी**